# "आर्थिक विकास र उन्नतिको आधार: कृषि, उद्यम र रोजगार"

**आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम**

(सातौं नगर सभा)

मितिः २०८०/०३/१० गते आईतवार

**परोहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आदरणीय नगरबासी ज्यूहरु,

कर्मचारीहरु, सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

आगामी आ.व. २०८०/८१ का लागि यस परोहा नगरपालिकाको सातौं नगर अधिवेशनमा नगर प्रमुखको हैसियतले यहाँहरू समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरान्वित महशुस गर्दै यहाँ उपस्थित परोहा नगरपालिकाको ऐतिहासिक सातौं नगर सभामा सहभागी उप प्रमुख ज्यू, नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु तथा सहभागी सबै महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै यस नगरपालिकाको गठन हुनु पुर्व र पश्चात जनप्रतिनिधिको रुपमा निर्वाचित भई दिवंगत हुनु भएका सम्पूर्ण व्यक्तित्वहरुलाई यस महत्वपूर्ण घडीमा वहाँहरुले गर्नु भएको योगदानको स्मरण र सम्मान गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

परोहा नगरपालिकाको विकास र समृद्धिको कार्यदिशामा अघि बढाउन तथा परोहा नगरपालिकालाई समृद्ध, समुनन्त, सम्पन्न र आदरणीय नगरबासीहरुको सुखी जीवनयापनको लागी हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पिने सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरु, समस्त शुभेच्छुक एवं सरोकार राख्ने महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

आन्तरिक आयको चुनौतीलाई गतिशील बनाउन आवश्यक रणनीति अबलम्बन गरी आम जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँच पुर्याउने तर्फ विशेष प्राथमिकता दिदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकाश र समृद्धिको अकांक्षा पुरा गर्न दोस्रो पटक स्थानीय तहको निर्वाचन पश्चात संविधान तथा प्रचलित कानून बमोजिम अधिकार सम्पन्न स्थानीय सरकारको तर्फबाट सातौं पटक यस सार्वभौम नगर सभामा सबै वडाहरु र विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझाव र मेरो आफ्नो व्यक्तिगत सोचका आधारमा नेपालको संविधानको धारा ५९ र धारा ६० बमोजिम प्राप्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ अनुसार यस सम्मानित नगरसभामा प्रस्तुत गर्नका लागि अगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रम तयार गरिएको सबैमा जानकारी गराउन चाहन्छु ।

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्यज्यूहरु,

अगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तयार गर्ने र स्रोतको वितरण गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, दिगो विकास लक्ष्यका साथै विभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरुलाई प्रमुख मार्गदर्शनको रुपमा लिईएको व्यहोरा अवगत गराउन चाहन्छु । **हाम्रो परोहा, हामी बनाउँछौं** भन्ने नाराका साथ अगामी आर्थिक वर्ष २०८०/८१ मा परोहा नगरपालिकाले अवलम्बन गर्ने विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**(क) सामाजिक विकास तर्फ**

**शिक्षा सम्बन्धी नीति**

१. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सम्बद्ध बिज्ञहरु रहेको समिति गठन गरी शिक्षा सुधार योजना तर्जुमा गरिनेछ ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकहा, रौतहट मधेश प्रदेश नेपाल

२. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ ।

३. माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुन सक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ ।

४. सबै विद्यालयहरुमा कक्षा १ देखि कक्षा ३ सम्म मातृभाषामा पठनपाठन गर्न स्थानीय पाठ्यक्रमको विकास गरिनेछ ।

५. विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. विद्यालयहरुमा विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निशुल्क सेनेटरी प्याडको सुबिधा, खानेपानीको व्यवस्था गरिनेछ ।

७. सामुदायिक सिकाई केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा र सीप बिकास प्रबर्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

८. विद्यालयमा बालबालिकालाई टिकाई राख्न बाल विकास केन्द्रहरूमा प्रविधिको प्रयोग गरिनेछ ।

९. गुणस्तरीय र जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्न कम्प्युटर ल्याब, प्रयोगशाला र पुस्तकालयको स्थापना गरिनेछ ।

१०. विद्यार्थी उपलब्धि परीक्षणको आधारमा विद्यालय, विद्यार्थी र शिक्षकलाई पुरस्कृत गरिनेछ ।

११. प्राविधिक तथा व्यावसायिक शिक्षालयको स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१२. लोक सेवा आयोग र शिक्षा सेवा आयोगको तयारी कक्षालाई निरन्तरता दिईनेछ ।

१३. स्थानीय आवश्यक्ताको आधारमा नमुनाको रुपमा मोन्टेश्वरी कक्षा सञ्चालन गरिनेछ।

१४. स्नातक तहको कक्षा सञ्चालनको आधार तयार गरि कक्षा सञ्चालन गरिनेछ।

१५. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च/डेस्क, पंखा, खेल सामग्री लगायत अन्य आवश्यक शैक्षिक समाग्रीहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

१६. शैक्षिक गुणस्तर कायम गर्न नगरपालिकाद्वारा नियुक्त करार शिक्षकहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी व्यवस्थापन गरिनेछ।

१७. सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ।

१८. विद्यालय बाहिर रहेको बालबालिका तथा किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा सहज प्रवेशको व्यवस्थालाई निरन्तरता दिईनेछ।

**स्वास्थ्य सम्बन्धी नीति**

१९. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गरिनेछ।

२०. नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदि बारे सचेतना कार्यक्रमहरु मार्फत नगरबासीलाई निरोगी बन्न प्रोत्साहित गरिनेछ।

२१. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नका लागि अस्पतालमा नि:शुल्क बेडको प्रबन्ध मिलाइनेछ।

२२. नगरपालिकाबाट सञ्चालित एम्बुलेन्स सेवालाई थप व्यवस्थित गरिनेछ।

२३. आयुर्वेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ।

२४. नगरपालिका अन्तर्गतको बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई तत्काल कपडा उपलब्ध गराउनलाई समन्वय गरिनेछ।

CamScanner

२५. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जांच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ।

२६. स्वास्थ्य संस्थाको अवस्थामा सुधार गरि स्वास्थ्य सेवाको सबलीकरणमा विशेष जोड दिईनेछ।

२७. नगर अस्पतालमा अल्ट्रासाउण्ड, भेन्टिलेटर र आई.सी.यु. सेवा सहितको स्वास्थ्य पूर्वाधारको स्थापना गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

२८. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको उपलब्धताको लागि आवश्यक दक्ष जनशक्ति, औषधी, औजार उपकरणहरूको आपूर्ति गरिनेछ।

२९. स्वास्थ्य सम्बन्धी सूचना, जानकारी र परामर्श प्रदान गर्न **परोहा स्वास्थ्य हेल्प डेस्क**को स्थापना गरिनेछ।

३०. बाल रोग, सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन जस्ता सेवाहरूको सञ्चालन तथा व्यवस्थापनमा विशेष जोड दिईनेछ।

३१. आवश्यक्ताको आधारमा आँखा, नाक, कान लगायत अन्य स्वास्थ्य समस्याहरु सम्बन्धि स्वास्थ्य शिविरहरु सञ्चालन कार्यलाई निरन्तरता दिएको छु।

३२. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसूती गराउने व्यवस्था मिलाईनेछ।

३३. क्षयरोग नियन्त्रण तथा रोकथामको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न व्यवस्था मिलाईनेछ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी नीति

३४. महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी सारक्षता, शसक्तिकरणका कार्यक्रम वडातहबाट समेत संचालन गरिनेछ।

३५. बालमैत्री एवं पोषणमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लक्ष्मीपुर, रौतहट
मधेश प्रदेश नेपाल

३६. बिपन्न, दलित, आदिबासी, अपाङ्गता भएका बालबलिकाहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।

३७. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडास्तरमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरि कार्यान्वयन गरिनेछ।

३८. नेपाल सरकारको नीति अनुरुप बालबालिकाहरुलाई प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई पोषणमैत्री बनाउन आवश्यक स्थानीय नीति नियम तर्जुमा गरी प्रभावकारी बनाउदै लगिनेछ।

३९. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानको लागि आयमूलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४०. यस नगरपालिकामा स्थायी बसोबास भई ईन्जिनियरिङ्ग तथा मेडिकल तर्फ स्नातक तहमा अध्ययनरत् छात्राहरुलाई प्रोत्साहन स्वरुप एकमुष्ठ रु. २५ हजार उपलव्ध गराईने कार्यलाई निरन्तरता दिएको छु।

४१. नगरपालिका भित्र रहेका शारीरिक अपाङ्गता भएका बालबालिकाहरु प्रति लक्षित गरी घुम्ती स्वास्थ्य शिविर, जटिल प्रकारका शैल्य चिकित्सा सेवा र सहायक उपकरण नाप तथा वितरणका लागी आवश्यक कार्यक्रमहरु संचालन गर्न व्यवस्था मिलाईनेछ।

४२. अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

४३. अपाङ्गता हेल्प डेस्क सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।

### कला, संस्कृति, साहित्य र सम्पदा सम्बन्धी नीति

४४. नगरक्षेत्रभित्र मनाइने पर्व, मेला, पूजा, परम्परागत जीवन शैली एवं अन्य सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिदै लगिनेछ।

४५. नगर क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, मदरसा आदिको अभिलेख राखी संरक्षण र सम्वर्द्धनको व्यवस्था मिलाइनेछ।

४६. नगरपालिका भित्रका सार्वजनिक र ऐतिहासिक महत्वका वस्ती, टोल, चोक लगायतका स्थानहरुलाई ऐतिहासिक परिचय खुल्ने गरी मौलिक नामकरण गर्ने नीति लिइनेछ ।

४७. नगरपालिका भित्र संगीत, कला, साहित्य र अन्य मनोरञ्जनका कार्यक्रम संचालनका लागि गर्न सम्बद्ध निकायहरुसँग सहकार्य गर्ने नीति लिईनेछ ।

### श्रम तथा रोजगार सम्बन्धी नीति

४८. रोजगार सेवा केन्द्रलाई जनमुखी, उत्तरदायी र जवाफदेही संस्थाको रुपमा विकास गरिदै लगिनेछ ।

४९. परोहा नगरपालिकाको रोजगार रणनीतिक योजना, २०८० लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक श्रोत व्यवस्थापनको लागि विकास साझेदारहरुसंगको समन्वय र सहकार्यलाई निरन्तरता दिईनेछ ।

५०. आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरिनेछ ।

५१. दक्ष, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति उत्पादन तथा आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न बेरोजगारहरुलाई आवश्यक सीपमूलक एवं रोजगारमूलक तालिमको व्यवस्था मिलाईनेछ ।

५२. नगरपालिका भित्रका दक्ष जनशक्तिहरुलाई सूचीकृत गरि नगरपालिकाभित्रै रोजगारीमा स्थानान्तरण गर्ने व्यवस्था मिलाईनेछ ।

५३. श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्न सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

५४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषण मुक्त बनाउन वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सहजताको लागि पूर्व प्रस्थान अभिमुखीकरण तालिम सञ्चालनको आवश्यक सहजीकरण गरिनेछ ।

५५. रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई नगरपालिकाबाट सञ्चालित आयोजनाहरुमा संलग्न गराई न्यूनतम रोजगारीको प्रत्याभूति गरिनेछ ।

५६. कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा नगरपालिकाको साझेदारी संगसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ।

५७. नेपाल सरकारबाट जारी गरिएको एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधिलाई पालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## (ख) आर्थिक विकास तर्फ

### कृषि तथा पशु सम्बन्धी नीति

५८. व्यावसायिक कृषिमा जोड दिई कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।

५९. कृषि पेसालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई युवाहरुलाई कृषिमा आकर्षित गर्न **एक वडा, एक बाली**को व्यवसायिक खेती (पकेट क्षेत्र) को थालनी गरिनेछ।

६०. कृषिलाई उत्पादनमुखी बनाउन अनुदान, कृषि बिमा, मूल्य शृङ्खला, बजारीकरण, प्राविधिक परामर्श सेवा उपलब्ध गराउन व्यवस्था मिलाईनेछ।

६१. लाल बकैया नदीको बगरमा व्यावसायिक बगर खेतीको कार्यलाई निरन्तरता दिईनेछ।

६२. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व क्षमता वृद्धि गर्न उपयुक्त कृषि पूर्वाधारहरू सिँचाइ, कृषि हाट बजार, शीत घर, गोदाम घर, सङ्कलन केन्द्र, कृषि प्रयोगशाला (माटोको उर्वराशक्ति परीक्षण) को स्थापना, विकास एवं विस्तार गरिनेछ।

६३. कृषिको आधुनिकीकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषि तथा नगदेवालीजन्य उद्योग व्यवसायहरुलाई प्राथमिकता दिईनेछ।

६४. उन्नत जातका फलफूल जस्तै आँप, लिची, व्यवसायिक तरकारी खेती, मेवा खेती, मसला बाली, केरा खेती आदि गर्न कृषक, कृषक समूह र कृषि सहकारीहरुलाई प्रोत्साहन गरिनेछ।

६५. कृषि उत्पादनको आधारमा कृषकलाई पुरस्कृत गरिनेछ।

६६. कृषि उत्पादन बढाउन आवश्यक अध्ययन अनुसन्धानमा जोड दिईनेछ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लोकाहा, रौतहट

६७. पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ, जस अनुसार पशु विमा, नश्ल सुधार तथा उन्नत जातका बोका खरिद गरिनेछ।

६८. कृषि सिंचाईका लागि कृषि विद्युतीकरण र स्यालो ट्यूवेल जडान कार्यलाई निरन्तरता दिईनेछ।

६९. नेपाल सरकार र एसियाली विकास बैंकको संयुक्त लगानीमा नगरपालिका भित्र पाईलट प्रोजेक्टको रुपमा सफल परिक्षण भई कार्यान्वयनमा रहेको स्टेट बोरिंग (डिप ट्यूवेल) जडान कार्यलाई सबै वडामा विस्तार गरिनेछ।

७०. कृषि कार्यमा खपत भएका विद्युत महसुलमा सहुलियत दिने नीति अवलम्वन गरिनेछ।

### पर्यटन सम्बन्धी नीति

७१. परोहाको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदा, मनोरम फाँटहरु र जलसम्पदा पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ।

७२. परोहा नगरपालिकामा रहेका पोखरीहरुको संरक्षण एवं सौन्दर्यीकरणमा जोड दिईनेछ।

### (ग) पूर्वाधार विकास तर्फ

७३. नगर क्षेत्रभित्र रहेका बिद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शैचालायहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइनेछ।

७४. परोहा नगरपालिकालाई जीवन्त सहरका रुपमा बिकास गर्न उज्यालो परोहा अभियानलाई निरन्तरता दिइनेछ।

७५. आर्थिक सामाजिक रूपान्तरणका लागि ग्रामीण अर्थतन्त्र र सामाजिक विकासमा सहयोग पुग्ने खालको स्थानीय पूर्वाधारको निर्माण एवं विकास गरिनेछ।

७६. शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, विद्युत्, खानेपानी, फोहोरमैला व्यवस्थापन जस्ता न्यूनतम स्थानीय पूर्वाधारहरूको निर्माण एवं विस्तारमा जोड दिईनेछ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रौतहट
मधेश प्रदेश नेपाल

७७. यस नगरपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरुमा सडकको पहुँच पुर्याइनेछ। हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत सम्भार र स्तरोन्नति कार्यलाई निरन्तरता दिईनेछ।

७८. स्थानीय आवश्यक्ताको आधारमा नयाँ सडकहरुको निर्माण गरिनेछ।

७९. अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

८०. परोहा नगरपालिका र संघीय शहरी विकास मन्त्रालयको संयुक्त लगानीमा यस नगरपालिकाभित्र Town Hall (विवाह भवन) को निर्माण गरिनेछ।

८१. नगरको विकासमा थप गति दिन आवश्यक पर्ने मेसिनरी उपकरण आवश्यकता अनुरुप खरिद गरिनेछ।

८२. पूर्वाधार निर्माण कार्यको गुणस्तर कायम गर्न प्राविधिक तथा सिभिल ल्याब स्थापनाको लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिनेछ।

८३. जिल्ला प्रशासन कार्यालयले तयार पारेको जिल्ला दररेटलाई नै यस नगरपालिकामा लागु गर्ने गरी स्थानीय दररेटको मान्यता दिईनेछ। साथै आवश्यक परेको खण्डमा स्थानीय दररेट कायम गर्ने नीति लिईनेछ।

८४. मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइनेछ।

८५. विद्युत चुहावट नियन्त्रण एवं जोखिमबाट जोगाउन अति विपन्न परिवारहरुलाई निःशुल्क विद्युत मिटर वितरणलाई निरन्तरता दिईनेछ।

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ**

८६. घरेलु फोहरलाई श्रोतमा नै वर्गीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ। कुहिने फोहरलाई घरमै कम्पोष्ट मल बनाउन प्रोत्साहन गर्ने नीति लिईनेछ।

८७. नगरको फोहरमैला (Municipal Solid Waste) को दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिईनेछ । यसका लागि आवश्यक अध्ययन, अनुसन्धान, नीति, जग्गाको प्राप्ति, स्थापना, विकास र सञ्चालन गर्ने नीति अंगिकार गरिनेछ।

८८. सार्वजनिक जग्गा, नदी किनार, सडक किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८९. नगरपालिकाभित्र चालिस माइक्रोन भन्दा पातलो प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्न पहल गरिनेछ। प्लास्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोलाको उत्पदान, बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु संचालनमा जोड दिने नीति लिईनेछ।

९०. नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरिनेछ। सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गरिनेछ।

९१. विभिन्न गैर सरकारी संघसंस्था एवं विकास साझेदार संस्थाको सहयोग र सहकार्यमा नगर आपतकालीन संचालन केन्द्र (Municipal Emergency Operation Center) को स्थापन गरिनेछ।

९२. नगरपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) कार्यलाई अद्यावधिक गरिनेछ।

९३. विपद् प्रभावित क्षेत्र, व्यक्ति वा परिवारलाई आवश्यक राहत तथा क्षतिपुर्ति वितरण कार्यलाई निरन्तरता दिएको छु।

९४. विपद् व्यवस्थापन रोकथामका लागि विशेष जोड दिईनेछ।

९५. जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ।

९६. वातावरण प्रदुषणलाई नियन्त्रण गर्न सम्बन्धित पक्षहरुसंग समन्वय र सहकार्य गरिनेछ।

९७. जलवायु नियन्त्रणमा सहयोग पुग्ने उद्देश्यले नगर भित्रका प्रत्येक घरधुरीमा **एक घर, एक विरुवा**को नीति अवलम्बन गरिनेछ।

९८. "हरित नगर, स्वच्छ नगर" को रुपमा विकसित गर्न हरित पार्क निर्माण र ईको पार्क निर्माण कार्यका लागी विशेष पहल गरिने छ।

९९. ढलनिकास र Land Field साईटको लागि आवश्यक जग्गा व्यवस्थापनमा जोड दिईनेछ।

गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट
मधेश प्रदेश नेपाल

१००. नगरपालिकालाई धुवाँ मुक्त बनाउन ग्यास चुल्हो र ईन्डक्सन चुल्हो वितरण कार्यलाई क्रमशः बाँकी रहेका वडाहरुमा निरन्तरता दिईनेछ।

१०१. छिमेकी स्थानीय तहहरुसंगको सहकार्यमा वारुण यन्त्रको सञ्चालन एवं व्यवस्थापनमा जोड दिईनेछ।

## (ङ) संस्थागत सेवा तथा सुशासन तर्फ

१०२. नगरपालिकाकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ।

१०३. नगरपालिकाको संगठन संरचना र स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको कार्य विवरण प्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ।

१०४. नगरपालिका स्थापना दिवसका अवसरमा कार्य सम्पादनमा अब्बल एवं उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

१०५. नगरपालिकाका सार्वजनिक स्थानहरुमा सिसिटिभी जडान गरी प्रत्यक्ष निगरानी गरिने व्यवस्था मिलाईनेछ। नगरबासी एवं व्यवसायीहरुको जिउधनको सुरक्षाको लागि नेपाल प्रहरीको सहयोगमा नगरका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको सि.सी.टि.भी. को मर्मत एवं विस्तार कार्यलाई निरन्तरता दिईनेछ।

१०६. एक वर्षभित्रमा परोहा नगरपालिकाको प्रथम आवधिक योजना (२०८०-२०८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१०७. संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१०८. नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

१०९. नगरपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन प्रविधिमैत्री राजस्व व्यवस्थापन सूचना प्रणाली अवलम्वन गरिनेछ।

CamScanner

११०. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ।

१११. कर तथा गैरकर स्थानीय राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ।

११२. आर्थिक ऐन अनुसार उपलब्ध गराउंदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ।

११३. सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी विवाद निरुपण कार्यलाई थप प्रभाबकारी बनाइनेछ।

११४. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

११५. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

११६. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।

११७. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

११८. नगरहरु बीच आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा सफल अनुभब आदान प्रदान गर्न स्वदेशी तथा विदेशी नगरहरुसंग भगिनी सम्बन्ध कायम गरिनेछ।

११९. स्थानीय सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, मितव्ययी तथा पारदर्शी बनाउन विद्युतीय प्रणालीको विकास, विस्तार गरिनेछ।

१२०. स्थानीय सरकार, नागरिक र व्यवसायीहरू बीच सूचना तथा सेवाहरूमा सहज पहुँच कायम गरिनेछ।

१२१. स्थानीय सरकार र सेवाग्राही बिच कुशल सम्बन्ध स्थापित गर्न अनलाईन प्रविधिको विकास गरि प्रक्रियागत झन्झटको अन्त्य गरिनेछ।

१२२. नगर कार्यपालिका कार्यालयको आवश्यक डाटाहरुलाई ब्याक अप राख्न File Server को स्थापना गरिनेछ।

१२३. नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको सहज पहुँच पुर्याउन वेभसाईट, मोबाईल एप्प एवं अन्य उपकरणहरुलाई समयानुकुल अध्यावधिक गर्दै आएको कार्यलाई निरन्तरता दिइनेछ।

१२४. Internet क्षमता प्रणालीमा थप सुधार एवं विस्तार गरिनेछ।

१२५. लिजा, फ्रा, मध्यकालीन खर्च संरचनालाई आत्मसाथ गरी कार्यान्वयन गर्दै लगिनेछ ।

१२६. सेवा प्रवाहलाई प्रभावकारी, मितव्ययी र जनमैत्री बनाउन सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

१२७. आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउँदै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगरसभाबाट स्विकृत कर, शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

१२८. नगरपालिकाको स्रोतबाट नियुक्त कर्मचारीहरुको तलब भत्तामा सामयिक वृद्धिको व्यवस्था गरिनेछ।

१२९. नगरको शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न नगर प्रहरीको व्यवस्थापन एवं परिचालन गरिनेछ।

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्यज्यूहरु,

जनआकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाई हुने भए तापनि बजेट पारित गरि समयमा नै जनभावना अनुसार कार्य गर्न हामी प्रतिबद्ध छौं। आ.व. २०८०/८१ को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाको विविध पक्षहरुलाई समेट्ने अपेक्षा लिईएको छ।

## आ. व. २०८०/८१ आय तर्फ

आ.व. २०८०/८१ मा यस नगरपालिकाको लागि संघीय सरकार, प्रदेश सरकार र आन्तिक आयबाट प्राप्त हुने वित्तीय समानीकरण, राजस्व बाँडफाँड अनुदान तथा आन्तरिक आय देहाय बमोजिम रहेको छ ।

| १ | वित्तीय हस्तान्तरणबाट प्राप्त आय | | |
|---|---|---|---|
| १.१ | नेपाल सरकारबाट प्राप्त हुने अनुदानः | | |
| १.१.१ | संघीय वित्तीय समानीकरण अनुदान | १११००००००.०० | एघारह करोड दश लाख |
| १.१.२ | संघीय सशर्त अनुदान पूँजीगत | १५००००००.०० | एक करोड पचास लाख |
| १.१.३ | संघीय समपूरक अनुदान | ५०००००००.०० | पचास लाख |
| १.१.४ | संघीय विशेष अनुदान | १२००००००.०० | एक करोड बीस लाख |
| १.१.५ | संघीय राजस्व बाँडफाँड | ९३४३२७००.०० | नौ करोड चौतीस लाख बत्तीस हजार सात सय |
| १.१.६ | सशर्त अनुदान चालु | १९०३०००००.०० | उनाईस करोड तीन लाख |
| १.२ | **प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदानः** | २३००००००.०० | दुई करोड तीस लाख |
| २ | आन्तरिक आय अनुमानित | २६००००००.०० | दुई करोड साठी लाख |
| **कुल जम्मा बजेट रकम रु.** | | ४७५७३२७००.०० | सैतालिस करोड सन्ताउन्न लाख बत्तिस हजार सात सय |

अगामी आ.व.२०८०/८१ को अनुमानित कुल आय रकम रु.४७५७३२७००.०० (अक्षरेपी रुपैया सैतालिस करोड सन्ताउन्न लाख बत्तिस हजार सात सय मात्र ) तपसिल अनुसार क्षेत्रगत विनियोजन गरिएको जानकारी गराउन चाहन्छु ।

- चालु खर्च तर्फ रु. ३१ करोड १७ लाख ३२ हजार ७ सय र पुंजीगत विकास निर्माण तर्फ रु.१६ करोड ४० लाख खर्च हुने अनुमान रहेको छ ।

CamScanner

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

परोहा नगरपालिकाले अगामी आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमले परीलक्षित गरेका सोंच, नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नमा प्रतिबद्ध रहेको छ।

धन्यवाद!!

CamScanner